नेपाल सरकार
# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मिति २०७३।६।०१

## प्रेस विज्ञप्ती

आज मिति २०७३/६/१ गते शनिवार विहान ११:४५ बजेको समयमा सुनसरी जिल्लाको कोशी टापुबाट प्रकाशपुर राजावास तर्फ जाने क्रममा अन्दाजी ४०/४५ जना यात्रु बोकेको ढुङ्गा अचानक कोशी नदीको भंगालोमा खसी दुर्घटना हुँदा उक्त ढुङ्गामा सवार रहेका यात्रु मध्ये ३७ जनालाई नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तत्काल पुगी सर्वसाधारणको सहयोगले जीवीतै उद्धार गरी नजिको अस्पताल र स्वास्थ्य चौकीमा पुऱ्याउने कार्य गरिएको छ । बाँकी व्यक्तिहरुको खोज तथा उद्धार कार्य रातको कारणले गर्दा हाललाई स्थगित गरी पुनः सुरक्षाकर्मीबाट भोली खोज तथा उद्धार कार्य जारी रहने व्यहोरा जानकारी गराईन्छ ।

उक्त खोज तथा उद्धार कार्यमा सहयोग गर्नु हुने सर्वसाधारण लागएत सवैमा गृह मन्त्रालय आभार व्यक्त गर्दछ ।

(पर्शुराम पोखरेल)
शाखा अधिकृत